# गीत प्रतियोगितामा म किन सहभागी भएँ?



केही मित्रहरूलाई जिज्ञासा होला कि मैले के उद्धेश्य रोटरी गीत प्रतियोगिता मा भाग लिएँ । वास्तवमा रोटरीमा प्रवेश गरेदेखि नै रोटरीलाई बुझ्न सजिलो होस् भन्ने उद्धेश्यले मैले सङ्गीतको बाटो रोजें । म बुझ्न चाहन्थें Rotary तथा The Rotary Foundation के हो ? यसको इतिहास ? रोटरी सेवाका मार्गहरू (Avenues of Services), कार्यक्षेत्रहरू (Areas of Focus), मूल्य मान्यताहरू (Core values) र आचार संहिता (Code of conduct) आदि के हुन् ? रोटरीको काम, जिम्मेवारी, रोटरी प्रतिको हाम्रो चाहना र कामना कस्तो हुनुपर्छ भन्ने वारेमा आफूले बुझौं र बुझेका कुराहरू अरुलाई पनि बुझाऊँ भन्ने उद्धेश्य राखें । रोटरीलाई जतिजति बुझ्दै गएँ तेतितेति गीतहरू लेखें, रेकर्ड गराउँदै गएँ र एल्बमहरू बनाई बितरण गरें । त्यसको प्रभाव राम्रै परेको थियो ।

मेरो साथमा मेरै क्लबकी रोटेरियन जेसिका चेम्जोङ्गले पनि साथ दिनुभयो । राम्राराम्रा गीत लेख्नुहुन्छ । उहाँका रोटरी सम्बन्धि गीतहरू पनि सङ्गीतवद्ध भएकाछन् । हामी दुवै मिलेर संयुक्तरुपमा निकालिएको रोटरीका गीतहरू नामक गीती एल्बम धेरै साथीहरूका हातमा पुगेको अवगत नै छ । यसैले यही माध्यमबाट मैले जानेका कुराहरू अरुहरूलाई पनि बुझाउनसक्छु भन्ने उद्धेश्यले मैले यस प्रतियोगितामा भाग लिएको हुँ । भाग्यवश मेरो सपनालाई बल पुग्ने गरी मेरै गीत प्रथम स्थानमा छानिएछ । खुसी लाग्यो ।

यही सपनालाई अझ प्रष्ट पार्नकोलागि गीतकै सेरोफेरोमा रही मैले रोटरी गीत माथिको टिप्पणि लेखें । विशेषगरी नयाँ रोटेरियन तथा पुरानै भए पनि अंग्रेजी भाषाको ज्ञान कम भएका रोटेरियन र सर्वसाधारण सबैको लागि यो लेख

फाइदाजनक बनोस् भन्ने मेरो मनसाय हो । यसमा कतिसम्म सफल छु वा छैन मेरा अग्रज विज्ञ रोटेरियनहरूले मूल्याङ्कन गर्नु भै मेरा कमी कमजोरीहरू भए आवश्यक सुझाव र सल्लाह दिई सुध्रिने मौका दिनुहुनेछ भन्ने मेरो आशा हो ।

वास्तवमा रोटरी गीत मीठो सङ्गीतको लागि मात्र तयार गरेको होइन । यसलाई गाएर र बजाएर मुखाग्र पार्न सके गहिरिएर बुझ्दै जाने हो भने रोटरी के हो ? भन्ने वारेमा धेरै कुरा बुझ्न सकिन्छ । यही नै रोटरी बुझ्न चाहनेहरूको लागि अवसर हो । यही अवसरलाई मध्येनजर राखी गीत गाउने र बजाउने अनिवार्यता (Mandatory) छ वा छैन भन्ने विवादतर्फ नलागी हामी आफैंलाई फाइदा पुग्ने भएकोले रोटरीद्वारा सन्चालन हुने सबै कार्यक्रमहरूमा डिष्ट्रिक्ट ३२ ९२ ले गरेको अनुरोधलाई पालन गर्दै अघि बढौं, गाऊँ, बजाऊँ, गीतको जगेर्ना गरौं र नजान्नेहरूलाई बुझाऊँ । गीतका शब्दहरू सबैका ओठहरूमा झुण्डिन सकुन् । यही कुरा प्रत्येक इकाइका नेतृत्व वर्गले सिकाउनु पर्नेछ । मलाई लाग्छ यही नै रोटरी गीतप्रतिको सही न्याय हुनेछ ।

सबैले बुझ्न के जरुरी छ नभे यो गीत हरिभक्त बुढाथोकीको मात्र होइन । रोटरी क्लब अफ पशुपति-काठमाडौं मार्फत प्राप्त भएको रोटरी डिष्ट्रिक्ट ३२९२ लगायत सबै क्लबहरूको लागि सङ्गीतद्वारा रोटरीलाई बुझाउने साझा सम्पत्ति हो ।

मैले पनि रोटरी बारेमा धेरै कुरा बुझ्न बाँकी नै छ । तै पनि यो टिप्पणि लेखे. । यसलाई तयार गर्ने क्रममा मेरा केही अग्रज विज्ञ रोटेरियन मित्रहरूले प्रदान गर्नु भएको हौसलाका साथै विशेषगरी रोटरी वर्ष २०१५-२०१६ का डिष्ट्रिक्ट गभर्नर र End Polio Now Zone Coordinator (२०१७-२०१९), RI Zones 4 and 6A का रो. केशव कुँवरज्यूबाट जुन सहयोग, सुझाव र सल्लाहा पाएँ ती क्षणहरू तथा उहाँबाट प्राप्त भएको सकारात्मक देनलाई म कहिल्यै बिर्सन सक्दिन । म उहाँप्रति आभारी छु र धेरैधेरै धन्यवाद दिन्छु ।

*– हरिभक्त बुढाथोकी*

# रोटरी गानमाथिको टिप्पणि

**रो. हरिभक्त बुढाथोकी**
पूर्व अध्यक्ष तथा मेजर डोनर
रोटरी क्लब अफ पशुपति-काठमाडौं

नेपालमा रोटरी भित्रिएको ५८ वर्षपछि रोटरी डिष्ट्रिक्ट 3292 ले गरेको अन्तर रोटरी डिष्ट्रिक्ट प्रतियोगिताबाट छानिएको रोटरी गीत १ नोवेम्वर २०१७ देखि सबै क्लबहरूमा गाउने र बजाउने प्रचलनको सुरुवात भयो, जुन गीत Rotary Club of Pashupati का पूर्व अध्यक्ष रो. हरिभक्त बुढाथोकीको रचना तथा एकल प्रयासद्वारा तयार पाएिरको हो । रोटरी के हो ? यसले के गर्छ ? यसको पहिचान, इतिहास, सिद्धान्त, कार्यक्षेत्र, रोटरी सङ्गठनका मूल्य, मान्यता र विशेषताहरू सहितको विवरण गीतकै सेरोफेरोमा उभिएर रोटरी गीत माथिको टिप्पणि नामक शिर्षकमा यहाँ प्रस्तुत गरिएको छ, जस्को तयारीमा रोटरी वर्ष २०१५/१६ का पूर्व डिष्ट्रिक्ट गभर्नर मेजर डोनर Level 2 केशव कुवरज्यू ले प्रदान गर्नुभएको योगदान प्रशंसनीय छ ।

सृष्टिको पवित्र भूमिमा बेलाबेला केही महापुरुषहरूको जन्म हुन्छ जसले संसारलाई राम्रा तथा महत्वपूर्ण उपहार दिएर जान्छन् । तीमध्येका Paul Percival Harris पनि एक हुन् जसले मानव जातिका लागि कहिल्यै नबिर्सने र सेवा गरी कहिल्यै नथाक्ने एउटा कल्याणकारी संस्था जन्माए र मानवजातिका लागि उपहार दिएर गए त्यो हो रोटरी । यसैले भनिएको हो Paul Harris रोटरीका जन्मदाता हुन् । उनको जन्म १९ अप्रिल १८६८ मा अमेरिकास्थित Wisconsin state को Racine गाउँमा भएको थियो भने उनको मृत्यु २७ जनवरी १९४७ मा अमेरिकाकै सिकागोमा भयो । उनी दोश्रो सन्तानको रुपमा

जन्मेका थिए । उनको वाल्यकाल हजूरआमा बुबाको साथमा बित्यो । उनी कानुनका विद्यार्थी थिए । उमेर पुगेपछि काम खोजीको सिलसिलामा गाउँबाट सिकागो पुगे । जीवनयापनको लागि गाई गोठालोदेखि वकालत पेसासम्मका अनेक कामहरू गरे तर कुनै व्यवसाय र कामबाट पनि चाहेजस्तो सफल हुन सकेनन् तैपनि संघर्ष गरिरहे ।

पावल ह्यारिस रोटरीका जन्मदाता हुन् । उनी दोश्रो सन्तानको रुपमा जन्मेका थिए । उनको वाल्यकाल हजूरआमा बुबाको साथमा बित्यो । उनी कानुनका विद्यार्थी थिए । उमेर पुगेपछि काम खोजीको सिलसिलामा गाउँबाट सिकागो पुगे । जीवनयापनको लागि गाई गोठालोदेखि वकालत पेसासम्मका अनेक कामहरू गरे तर कुनै व्यवसाय र कामबाट पनि चाहेजस्तो सफल हुन सकेनन् तैपनि सङ्घर्ष गरिरहे ।

सङ्घर्षकै सिलसिलामा सिकागोमा रहँदा संयोगवश विभिन्न पेसा र व्यवसायमा आबद्ध ३ जना साथीहरूसँग भेट भयो । ती साथीहरू थिए Shilvester Schiele (कोइलाका व्यापारी) Hiram Shorey (सूचिकार) र Gustavus Lohere (खानी इन्जिनियर) । उनीहरूसँग सम्पर्क बढ्यो, दिनानुदिन बढ्दै गयो । दिनभरिको व्यवसायिक कामपछि चारै साथीहरू आलोपालो गरी कहिले एककोमा त कहिले अर्काकोमा जम्मा हुन्थे । सँगै बसेर चिया पिउँथे र आफूलाई लागेका कुराकानीमा समय बहलाउँथे । सबैको सोच सकारात्मक थियो । हुँदाहुँदा एकदिन Paul को मनमा यसरी जम्मा भएर बिना प्रतिफलका कुरा गर्नुभन्दा एउटा सामाजिक क्लब खोलेर सोही मार्फत मानवीय काम गरौं भन्ने भावनाले स्थान पायो । राम्रो काम भएकोले सबैले स्वीकार गरे । सोचे अनुसार क्लब खोल्ने निर्णय भयो । उनीहरू त्यो दिनसम्म पनि आलोपालो (Rotation) गरी छलफलमा रहने बस्ने गरेकोले त्यसैसँग मिल्दोजुल्दो क्लबको नाम Rotary राख्नेमा पनि सबैको सहमती भयो । योजनासहितका छलफलको लागि २३ फेब्रुअरी १९०५ मा साथी Gustavus Loehr को अफिस रहेको Unity building को कोठा नं. ७११ मा पहिलो बैठक बस्यो । क्लबको नाम Rotary Club of Chicago राखियो । वास्तवमा त्यही बैठक इतिहासमा रोटरीको जन्म सावित भयो भने ७११ नं. कोठा रोटरीको पहिलो र ऐतिहासिक कार्यकक्ष ठहरियो । तिनै ४ व्यक्तिहरू नै पहिला रोटेरियनहरू हुन् भनेर इतिहासमा हामी चिन्दछौं । Harris कै पहलमा क्लबको स्थापना भएता पनि उनी सो क्लबका President भएनन् । बरु उनले आफ्ना सबैभन्दा मिल्ने साथी Shilvester Schiele लाई पहिलो Club president बनाए ।

Paul Harris को विवाह ३७ वर्षको उमेरमा स्कटिस महिला Jean Thompson सँग भयो । विवाह पछि रोटरीको लागि दुवै मिलेर धेरै काम गरे तर उनीहरूका सन्तान भएनन् । सन्तान नहुनु र आर्थिक अवस्था पनि सन्तोषजनक नभएको कारण Thompson बेलाबेला निराश हुन्थिन् । उनको यो स्थितिलाई देख्दा कहिलेकही Paul सम्झाउँथे – दुःख नमान प्रिया ! हाम्रा सन्तान र सम्पत्ति नभएर के भयो त ? रोटरी हाम्रो साथ छ । जीवनभरि यसैको सेवा गरौं । भविष्यमा यसका हजारौँ लाखौँ सदस्यहरू सबै हाम्रा सन्तान हुनेछन् । ती सबै हाम्रा सम्पत्ति कहलिनेछन् । वास्तवमा Paul को त्यो सपना साच्चै नै साकार भएको छ । संसारभरिका सबै रोटेरियनहरू उनकै सन्तान सरह र कहिल्यै नसकिने र ननासिने सम्पत्ति भएकाछन् । यसो भन्नुमा कुनै अत्युक्ति हुनेछैन ।

सन् १९०७ भन्दा अगिको कुरा हो । त्यस समयमा अमेरिकाका सहरहरूमा सार्वजनिक शौचालयहरूको सर्वसुलभ थिएन । सौचालयहरू नभएकै कारण विभिन्न कामको लागि सहर घुम्न अर्थात् किनमेल गर्न आउने विशेषगरी महिलाहरूको लागि धेरै असजिलो महसुस हुन्थ्यो । सिकागोमा पनि यही समस्या थियो । त्यो आवश्यकतालाई महसुस गरी रोटरीले आफू जन्मेको २ वर्षपछि सन् १९०७ मा अमेरिकाकै शिकागोमा एउटा Public Comfort बनाउने काम गऱ्यो । चाहेको र खोजेको कुरा पाएर सबै खुसी भए । इतिहासमा रोटरीले गरेको पहिलो सामाजिक कार्यको सुरुवात पनि यही नै थियो ।

सर्वसाधारण सबैलाई सुविधा पुग्ने गरी रोटरीले गरेका यही सामाजिक कार्यले गर्दा रोटरीले त राम्रो काम गर्दोरहेछ भन्ने सन्देश अमेरिकाका विभिन्न सहर तथा क्षेत्रहरूमा रहेबसेका अमेरिकी जनता माझमा फैलिँदै गयो । ३ वर्षपछि क्यालिफोर्नियाको सानफ्रान्सिस्कोमा दोस्रो क्लब स्थापना भएपछि द्रुत गतिमा नभए पनि विस्तारविस्तार अमेरिकाभित्रकै प्रमुख सहरहरूमा अरु क्लबहरू खुल्दै गए । प्राय सबैलाई सेवापुग्ने खालका सामाजिक कामहरू पनि भइरहे । हुँदाहुँदै ५ वर्षपछि रोटरी वर्ष १९१०-११ मा जब क्लबहरूको संख्या १६ पुगेको थियो सिकागोमा पहिलो Rotary Convention भयो । Paul Harris International President भए र भइरहे २ रोटरी वर्षसम्म । यसैले पावलह्यारिसलाई रोटरीको इतिहासमा २ पटक Rotary International president हुन् भनेर चिनिन्छ जबकि १९२१ सम्म पनि यो सङ्गठन Rotary International भैसकेको थिएन । त्यसैवर्ष अर्थात् सन् १९१० मा रोटरीको

सन्जाल अमेरिका बाहिरको देश क्यानाडाको Manitoba मा पनि स्थापना भयो। यसले गर्दा यस अधिसम्म रहेको रोटरीको नाम National Association of Rotry बाट International Association of Rotary मा परिणत भयो। सन् १९११ मा आयरलैन्डको डबलिनमा स्थापना भएर रोटरीका पाइलाहरू यूरोपमा पनि फैलिँदै गए। यसरी अगि बढेको रोटरी अभियान १६ वर्षको अवधि अर्थात् १९२१ सम्ममा विश्वका सबै महादेशहरूमा फैलिसकेको हुनाले १९२२ मा आएर यस अगिसम्म रहेको International Association of Rotary को नाम पनि Rotary International मा परिणत भयो जो आजसम्म विद्यमान छ र अनन्त कालसम्म रहनेछ। Rotary International लाई हामी छोटकरीमा RI भनी सम्बोधन गर्छौं। रोटरी वर्ष हरेक १ जुलाईमा सुरु हुन्छ र जून अन्तमा समाप्त हुन्छ।

**एउटा चाखलाग्दो प्रसङ्ग** :

चाखलाग्दो कुरा के छ भने विभिन्न संचार माध्यमको अध्ययनबाट मैले जानेसम्म रोटरी जन्मेको ९४ वर्ष अर्थात् सन् १९९९ सम्म पनि Rotary Anthem को रूपमा Rotary International ले कुनै गान वा धुन बनाइसकेको अवस्था थिएन। केवल रोटरी वर्ष १९९९/२००० मा मात्र रोटरी जन्मेको १९० वर्ष अगि सन् १८१० मा विश्वप्रसिद्ध सङ्गीतकर्मी Bethoven ले सृजना गरेको Egmont Overture धुनलाई नै RI ले Rotary Anthem को रूपमा मान्यता दिएको देखिन्छ। यसबाट थाहा हुन्छ कि मानवीय सेवाको क्षेत्रमा यति अगि बढिसके पनि सङ्गीतका क्षेत्रमा रोटरी निकै पछि परेको अवस्थामा रहेछ। यतिसम्म कि यदि यो भनाइ गलत छैन भने अहिलेसम्म पनि Rotary International ले उक्त धुनबाहेक कुनै गानसहितको Rotary Anthem बनाएको वा अरू कसैले सृजना गरेकोलाई पनि स्वीकार गरेको अवस्था छैन। जबकि इतिहासमा भनिन्छ Harry Ruggles Rotary Club of chicago का पाँचौं रोटेरियनको रुपमा दोश्रो मिटिङ्गमा उपस्थित थिए। उनी सङ्गीतमा चाखराख्थे। सङ्गीतले मानिसहरूको मनलाई खुसी र उत्साहित बनाउन सक्छ भन्ने उनको धारणा थियो। यसैले अब रोटरीमा पनि मिटिङ्ग सुरु हुनु अघि कुनै सङ्गीतको धुन बजाएर वा कुनै गाना गाएर सुरु गर्नुपर्छ भन्ने उनको सोच र भनाइ थियो। जुन सोचले गर्दा नै होला आज विश्वभरिका कुनै पनि रोटरी कार्यक्रम सुरु हुनु अघि मौनधारण गरेर वा कुनै गान गाएर अघि

बढ्ने प्रचलन त्यसैको अनुशरण पनि त हुनसक्छ ।

नेपाल डिस्ट्रिक्टमा पनि माथि उल्लेख भएको प्रचलन बाहेक कुनै पनि रोटरी कार्यक्रम सुरु हुनु अगि गाउन वा बजाउन सकिने आफ्नै भाषाको छोटो रोटरी गीत नभएको अवस्थालाई महसुस गरी सो खाँचोलाई पूरा गर्ने उद्देश्यले रोटरी वर्ष २०१७-२०१८ का District Governor Rtn. Sanjaya Giri द्वारा नेपाल डिस्ट्रिक्टबाट छोटो रोटरी गीत प्रतियोगिताको आह्वान गरियो । प्रतियोगितामा डिष्ट्रिक्ट भित्रमा विभिन्न क्लबहरूबाट रोटेरियन साथीहरू सहभागी हुनुभयो । Rotary Club of Pashupati-Kathmandu बाट मैले पनि भाग लिएँ। संयोगवश District ले गठन गरेको गीत छनौट समितिबाट प्राप्त गीतमध्ये मबाट रचना गरिएको गीत छानिएछ । तदानुसासर 1st November 2017 देखि डिष्ट्रक्ट भरिका सबै क्लबहरूले गाउने वा बजाउने भनी अनुरोध गरियो । यस गीतमा रोटरीसँग सम्बन्धित के के कुरा वा पक्षलाई व्याख्या गर्न खोजिएको छ ? भन्ने बारेमा धेरै रोटेरियनहरूमा जिज्ञासा थियो । ती जिज्ञासाहरूलाई मेटाउनको लागि पनि रोटरी र रोटरी गीत वारेमा लेख्न उत्साहित बनायो । त्यसैको प्रतिफल हो यो रोटरी गीतमाथिको टिप्पणि ।

गीतमा मैले अनुभवले भ्याएसम्म रोटरीको पहिचान, इतिहास, सिद्धान्त, कार्यक्षेत्र, रोटरी सङ्गठनका मूल्य, मान्यता र विशेषताहरू झल्काउने प्रयास गरेको छु। रोटेरियन भइसकेका तथा रोटरीमा प्रवेश नगरेकाहरू सबैमा सर्वसुलभ जानकारी होस् भन्ने मेरो प्रयास हो । कहाँसम्म सफल भएको छु अर्थात यो विवरण कतिसम्म उपयुक्त होला या नहोला मेरा अग्रज रोटेरियनहरूले मूल्यांकन गर्नु हुने नै छ । केही कमी कमजोरी भएका विषयहरूमा आवश्यक जानकारीहरू पनि दिनु नै हुनेछ भन्ने मेरो आशय हो । यो केवल रोटेरियनको लागि मात्र नभएर प्रत्येक क्लबमा आवद्ध रोटेरियनहरू मार्फत रोटरी ज्ञानको पहुँच जनसाधारणमा पनि पुगोस् भन्ने मेरो उद्धेश्य हो । यसको तयारीमा डिष्ट्रिक्ट ३२९२ मा आवद्ध मेरा अग्रज विज्ञ रोटेरियनहरूका साथै विशेषगरी रोटरी वर्ष २०१५/१६ का पूर्व District Governor, Major donor Level 2 केशव कुँवरज्यूबाट पाएको सल्लाह र सुझाव प्रशंसनीय छ । उहाँप्रति र मलाई यस यात्रामा सहयोग गर्ने सबै महानुभावहरूप्रति म सदैव आभारी छु। अब म रोटरी संगठनप्रति केन्द्रित हुन चाहन्छु

## रोटरियन हुनको लागि हुने योग्यता

सेवाभावले ओतप्रोत भएका र Rotract उमेर काटिसकेका जो कोही व्यक्ति

पनि रोटरीमा प्रवेश हुन योग्य हुन्छन् तर उमेरकै कारणले निवेदन दिएका भरमा मात्र नभएर समाजमा स्थापित र प्रतिष्ठित तथा उच्च छवि र आचरण भएका व्यक्तिहरू हुनु पनि उत्तिकै जरुरी हुन्छ। तव मात्र रोटरीमा नयाँ सदस्यको रुपमा प्रवेश हुन सक्छन्। प्रवेशपछि रोटेयिनको दर्जा पाउँछन्। रोटरी पिन लगाउँछन्। तर दर्जा पाएर र छातीमा पिन लगाएर मात्र पुग्दैन। उसमा सदैव सेवाको भावना हुनुपर्छ। इमान्दार रहनुपर्छ। मिलनसार हुनुपर्छ। यही नै रोटरीको चाहना हो।

## नेपालमा रोटरीको प्रवेश

रोटरी जन्मेको ५४ वर्षपछि १११ औं देशको रुपमा १३ अप्रिल १९५९ मा Rotary Club of Kathmandu को नामले नेपालमा रोटरी स्थापना भयो। यसको प्रायोजन भारतको रोटरी क्लब अफ दरभङ्गा ले गरेको थियो भने यसका पहिला Club President किरणसम्शेर ज. ब. रा. हुन्। रोटरी वर्ष २००८/००९ देखि नेपालले छुट्टै रोटरी डिष्ट्रिक्ट ३२९२ पाउन सफल भएको हो। यो भन्दा अगाडि नेपालको रोटरी भारतको कलकत्तामा रहेको डिस्ट्रिक्ट ३२९० सँग आवद्ध थियो। आज सन् २०१७ सम्म आइपुग्दा नेपाल-भूटान डिष्ट्रिक्ट ३२९२ मा क्लबहरूको संख्या ११६ र रोटेरियनकहरूको संख्या ४ हजार ५ शयभन्दा बढी पुगिसकेको छ। भूटान रोटरी वर्ष २०११-०१२ देखि नेपाल डिष्ट्रिक्टमा समावेश भएको हो।

रोटरी के हो ? रोटरी मानवीय सेवाद्वारा संसारमा दुःख र गरिबीलाई न्यूनिकरण गरी विश्व शान्ति स्थापनामा अग्रसर हुने महान् उद्धेय प्राप्तिको लागि जन्मेको सबैभन्दा ठूलो र पुरानो विश्वव्यापि सेवामूलक सङ्गठन हो। यसको बारेमा रोटेरियनहरूले मात्र नभएर समाजमा रहेबसेका सर्वसाधारण जो कोहीले पनि बुझ्न जरुरी छ। निःस्वार्थ सेवा रोटरीको मूल सिद्धान्त हो भने मानवीय सेवा र माया यसको जीवनशैली हो। Rotary को Motto अर्थात् मूल पहिचान नै Service Above Self हो। यही जानकारीसहितको उद्देश्य र सिद्धान्तलाई समेटेर मैले गीत शब्दमा यसरी व्यक्त गरेको छु –

निःस्वार्थ सेवा गर्नु पहिचान हो रोटरी
सबैलाई माया गर्नु अभियान हो रोटरी

रोटरी मानव समुदायमा रहने बस्ने सबै जातजाति, वर्ग, समुदाय, भेषभूषा र विभिन्न धर्मावलम्बीहरूको साझा फूलबारी हो। यसले सबै व्यक्ति र समुदायका साथै स्थानीय सरकारदेखि सबै सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग

मिलेर काम गर्ने उद्देश्य राख्छ । छोटकरीमा भन्ने हो भने सहकार्य नै यसको मूल उद्देश्य हो । रोटरीमा मित्रता, भ्रातृत्व, इमानदारीता, विविधता, एकता र नेतृत्वको कुरा बाहेक अरू कुनै पनि धर्म, जातीय भेदभाव र राजनीतिका कुराहरू गर्न पाइँदैन ।

## रोटरीको संरचना

संरचनाको कुरा गर्दा रोटरीको सबैभन्दा माथिल्लो इकाइ Rotary International हो जस्को प्रधान कार्यालय अमेरिकाको शिकागो नजिक एभान्सटन शहरमा आफ्नै १८ तल्ले भवनभित्र रहेको छ। त्योभन्दा तल्ला इकाइहरू District हुन् जस्को संख्या आज सन् २०१७ सम्ममा ५४५ पुगेको छ । सबैभन्दा तल्लो इकाइ क्लबहरू हुन् जस्को संख्या लगभग ३५ हजार ६ सय भन्दा बढी र यी क्लबहरूमा आवद्ध रोटेरियनहरूको संख्या १२ लाख २५ हजारको हाराहारीमा छ ।

रोटरीका सबै योजना र परियोजनाहरू क्लब लेभलबाटै गरिन्छन् र क्लबहरू स्वतन्त्र हुन्छन् । क्षेत्रीयस्तरमा District र क्लबहरूलाई सहयोग पुऱ्याउनको लागि विश्वभरि RI द्वारा भारतको नयाँदिल्लीसहित विभिन्न ६ वटा क्षेत्रीय कार्यालयहरू स्थापना गरिएका छन् जस्मा हाम्रो Disstrict 3292 को सोझो सम्पर्क नयाँ दिल्लीसँग हुने गर्दछ ।

## रोटरी सेवाका साझेदार संस्थाहरू

साझेदार संस्थाहरूलाई अंग्रेजीमा Partners in Service भनिन्छ । यस अन्तरगत १२ देखि १८ वर्ष उमेर समूहका युवाहरूको Interact Club सन् १९६२ मा फ्लोरिडा राज्यको रोटरी क्लब अफ मेलबर्न को प्रायोजनमा र १८ देखि ३० वर्ष उमेर समूहका युवाहरूको Rotract Club सन् १९६८ मा नर्थ क्यारोलिना राज्यको रोटरी क्लब अफ चार्लोट्टे को प्रायोजनमा पहिलोपटक अमेरिकामा नै स्थापना भए । यी रोटरीका साझेदार संस्थाहरू हुन् जसले रोटरीका सबै कार्यक्रमरूमा सहभागी भएर काम गर्छन् । आज यी संस्थाहरू संसारभरि स्थपित छन् । यसको अलावा विशेष गरी रोटरीको उपस्थिति नभएका ठाउँ अथवा समुदायहरूमा आवश्यकताको पहिचान र रोटरीका कार्यक्रमहरू संचालन गर्नको लागि Rotary Community Corps को स्थापना गर्ने गरिन्छ जसलाई हामी छोटकरीमा RCC भन्दछौं । विशेषगरी दुर्गम गाउँ र वस्तीहरूमा गठन गरिने यी समुदायहरूले रोटरीको सिद्धान्त अनुसार असहाय र अशक्तहरूका भलाईको साथ स्थानीय समस्याहरूका समाधानको लागि काम गर्दछन् ।

## रोटरीका मूल्य र मान्यताहरू

Rotary International का ५ वटा छुट्टै मूल्य र मान्यताहरू अर्थात् Core Values छन् । ती हुन् सेवा, मित्रता, विविधता, इमान्दारीता र नेतृत्व । यीमध्ये पनि रोटरी सेवालाई दीगो बनाइराख्नको लागि एकआपसमा मित्रता र भातृत्व कायम राख्नु, विश्वव्यापी समझदारी बनाउनु, विविधतालाई सम्बोधन गर्नु र हरेक वर्ष नेतृत्व परिवर्तन गरी समाल्दै लैजानु सबैभन्दा प्रमुख मानिन्छन् । वास्तवमा यी विषयहरू मूल्य र मान्यता मात्र होइनन् रोटरीलाई हाँक्ने साधन पनि हुन् । यिनीहरूको साधनाद्वारा नै रोटरीले सही नेतृत्व प्राप्तगर्छ । रोटरीका आफ्नै आचार संहिता अर्थात् Rotary Code of Conduct छन् र यसको आफ्नै विधान, नियमावली नियम, उपनियम र नीतिहरू छन् । रोटरीको आफ्नै website www.Rotary.org छ जसबाट सबै कुराहरूको जानकारी पाउन सकिन्छ ।

## Four Way Test अर्थात् रोटरीका ४ सूत्रीय कसीहरू :

कुनै पनि कुरा सोच्नु, भन्नु र गर्नु अगाडि ४ प्रश्नहरूको मनन गर्नु जरुरी हुन्छ । तीनै ४ प्रश्नहरू नै 4 way test हुन्, जुन प्रश्नहरू यस्ता छन् :

१) Is it the TRUTH ? – के सत्य कुरा यहि नै हो त ?

२) Is it FAIR to all concerned – के यसबाट कसैलाई अन्याय पर्दैन ?

३) Will it build GOODWILL and BETTER FRIENDSHIP? के यसले सद्भाव र मैत्रीभावको वृद्धि गर्ला त ?

४) Will it be BENEFICIAL to all concerned ? – के यसले सबैको हित गर्ला त ?

आवश्यकता र अनुभवले जन्माएको र संसारभरि १०० भन्दा बढी भाषामा छापिएको र सबभन्दा बढी उद्धृत गरिने यी २४ शब्दहरूका ४ सूत्रीय आचार संहिता सन् १९३२ मा Rtn. Herbert J. Taylor ले श्रृजना गरेका हुन् । उनी रोटरी वर्ष १९५४-५५ मा रोटरी इन्टरनेशनल अध्यक्ष पनि भएका थिए । यी प्रश्नहरूको मनन गरी काम गरेमा कुनै पनि व्यवसायी तथा रोटेरियनहरूले असफल हुनु पर्दैन । यो प्रमाणित भइसकेको छ । ज्यादै व्यवहारिक भएको र सत्यको नजिक पुगेकोले नै यो सूत्रलाई सन् १९४३ मा Rotary International ले पनि मान्यता दिएको हो । यसको अनुशासनमा रहनु पेशा र व्यवसायमा आवद्ध प्रत्येक नागरिक र रोटरी विश्वमा आवद्ध प्रत्येक रोटेरियनको नैतिक जिम्मेवारी हो ।

संसारभरि रोटरीद्वारा संचालन हुने सबै कार्य क्षेत्रका योजना तथा परियोजनाहरूमा रोटेरियनहरू स्वयंले र District तथा TRF दुवैले विभिन्न अनुदान सहयोगहरू यही कोषमा प्रदान गर्दछन् । रोटरी अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसँग मिलेर साझेदारीको रुपमा मानवीय सेवा सम्बन्धी विभिन्न कार्यहरू गर्न रुचाउँछन् ।

**कार्य सन्चालन** :

Rotary International अर्थात् RI ले संसारलाई 34 Rotary Zone मा विभाजन गरेको छ । Rotary International १९ सदस्यीय Board of Directos बाट सन्चलन हुन्छ भने The Rotary Foundation लाई संचालन गर्न छुट्टै Rotary International Board of Trustees को व्यवस्था गरिएको हुन्छ । यही Trustee र अन्य स्रोत मार्फत प्राप्त हुने अनुदान आदिबाट संचालन हुने रोटरीका सबै कार्यक्रमहरू सेवाका ५ द्वार अर्थात् 5 Avenues of Services भित्र पर्दछन् जसमा Club Service, Vocational Service, Community Service, International Service र Youth Service छन् । यिनै ५ वटा Avenues of Service भित्र क्लबका सम्पूर्ण कृयाकलापहरू सन्चालन हुन्छन् । यसका लागि छुट्टै ५ वटा Standing committee पनि निर्धारण गरिएका छन् । ती Committee हरू हुन् Club administration, Membership, Public relation, service project र The rotary foundation.

**कार्य क्षेत्र** :

रोटरीका ६ वटा आफ्नै कार्यक्षेत्र अर्थात् 6 Areas of Focus छन् जो Peace & Conflict Prevention/Resolution, Water & Sanitation, Basic Education & Literacy, Disease Prevention & Treatment, Maternal & Child Health and Economic & Community Development अन्तरगत संचालित हुन्छन् । छोटकरीका कार्य क्षेत्र भन्नाले – शान्ति, शिक्षा, स्वास्थ्य, आर्थिक विकास, रोगथाम तथा उपचार र मातृ-शिशु स्वास्थ्य आदि हुन् भनी बुझ्नुपर्दछ ।

**शान्ति** : रोटरीका ६ कार्य क्षेत्रहरूमध्ये शान्ति पनि एक हो जो सबैकालागि आवश्यक छ । यसले सकारात्मक सोचको विकास गर्छ । शान्तिले नै संसारलाई अझ राम्रो र सुखी बनाउन सक्छ । विश्व शान्ति रोटरीको चाहना हो । यही चाहनाले हो दोस्रो विश्वयुद्धपछि सन् १९४६ मा रोटरीकै पहलमा संयुक्त राष्ट्र

संघको स्थापना भयो । तत्कालीन RI President Rtn. Tom Warren को अध्यक्षतामा शान्ति सम्मेलन भयो । त्यसैमार्फत संसारबाट ठूलठूला रोगहरूको उन्मूलन गर्ने, सफा पानीको व्यवस्था गर्ने, सरसफाइ र स्वास्थ्यमा सुधार ल्याउने, शिक्षालाई बढावा दिने जस्ता कार्यक्रमहरू अगि बढाउने निर्णयहरू गरिए । शान्ति प्रवर्द्धनका लागि Rotary ले विभिन्न विषयमा छात्रवृत्तिको व्यवस्था गरेको छ जसलाई तलका विविध चरणमा उल्लेख गरिएको छ ।

**शिक्षा** : रोटरीले शीक्षाको क्षेत्रमा स्कूल भवनहरू तथा शौचालयहरू बनाउने, स्कूल फर्निचरहरू र कम्प्युटरहरू प्रदान गर्ने, पुस्ताकालयहरू स्थापना गर्ने, विद्यार्थीहरूलाई स्कूल पोशाक, झोला, जुत्ता, दैनिक खाजा प्रदान गर्ने, विद्युतीय शिक्षा र शिक्षक तालीम दिलाउने तथा बालविकास कार्यक्रम सन्चालन गर्ने आदि कामहरू गर्दछ । तीमध्ये विद्यार्थीहरूका बिच प्रदान गरिने छात्रवृत्ति पनि एक हो । यी छात्रवृत्तिहरू क्लवहरू आफैले अक्षयकोष स्थापना गरेर पनि प्रदान गर्ने गर्दछन् र Global Grant अन्तरगत संसारभरि नै यस्ता छात्रवृत्तिहरू प्रदान गरिन्छन्

यस्ता छात्रवृत्तिको लागि रोटरी इन्टरनेशनल आफैलें चुनेका ६ देशका विश्व विद्यालयहरूमा International Peace Centres हरू स्थापना गरिएकाछन् । ती देशहरू हुन् – जापान, थाइलैण्ड, अष्ट्रेलिया, अमेरिका, बेलायत र नेदरलैण्ड । ती विश्वविद्यालयहरूमा विभिन्न ५ प्रमूख विषयहरूमा अध्ययन गर्न पाउने भनी तोकिएका छन् । ती विषयहरू हुन्

1. Promoting Peace
2. Supporting Education
3. Growing Local Economy
4. Fighting Diseases
5. Providing Clean Water, Sanitation and Hygiene. आदि आदि

यसका अतिरिक्त सन् २०१२ देखि नेपाललगायत दक्षिण एशियाका देशहरूमा “पूर्ण साक्षरता” अभियान अर्थात् Total Literacy Mission मा Rotary South Asia जुटिराखेको छ र हालसम्म थुप्रै योगदान पुऱ्याइसकेको छ ।

**स्वास्थ्य** : स्वास्थ्य पनि रोटरीका ६ कार्यक्षेत्रमध्येकै एक हो । यसमा स्वास्थ्य सम्बन्धी रोगथाम तथा उपचार र मातृ-शिशु स्वास्थ्य गरी दुई कार्य

क्षेत्रहरू पर्दछन् । यसमा रोटरीले गरेको पोलियो उन्मूलनको अभियान सबैभन्दा ठूलो र महत्वपूर्ण उदाहरण हो ।

**पोलियो के हो ?**

Polio बालबालिकालाई निष्कृय बनाउने अथवा ज्यान लिनेसम्मको महारोग हो । सन् १९८५ भन्दा अगाडि संसारमा प्रतिवर्ष ३ लाख ५० हजार भन्दा बढी बालबालिकाहरू Polio बाट प्रभावित हुनेगर्थे । यो भयावह स्थितिलाई देखेपछि सन् १९८५ मा २० वर्ष भित्र संसारलाई Polio मुक्त गराउने भनी रोटरीले अभियान सुरु गऱ्यो । यो काम ज्यादै प्रशंसायोग्य भएकोले विश्व स्वास्थ्य सङ्गठन अर्थात् WHO ले पनि सन् १९८८ मा खोप अभियान सुरु गरी रोटरीले गरेको अभियानलाई साथ दिदै आएको हो । यो काम अत्यन्तै राम्रो तर खर्चिलो भएकोले यसलाई सफल पार्न राष्ट्रिय सरकार, UNICEF र अमेरिकामा रहेको Center for Disease Control and Prevention नामक संस्थाहरूसँग पनि Rotary ले सहकार्य गर्दै आएको छ । विभिन्न कठिनाइहरूको कारण लक्ष अनुसार २० वर्षमा हुन नसके पनि आज सन् २०१७ को डिसेम्बर महिना सम्म आइपुग्दा अफगानिस्तान र पाकिस्तानमा भेटिएका १६ केसहरूवाहेक नेपालसमेत सारा विश्व पोलियो मुक्त भैसकेको अवस्था छ

रोटरीले गरेको यो अभियानमा अहिलेसम्म रोटरी आफैले १.दशमलव ७ बिलियन अमेरिकी डलर भन्दा बढी रकम खर्च गरिसकेको छ भने संसारभरिका अन्य साझेदार संघसंस्थाहरू पनि १० बिलियन डलरभन्दा बढी रकम Polio मा लगानी जुटाउन सफल भएकाछन् ।

संसारमा रोटरीले निर्वाह गरेको यही निस्वार्थ सेवाबाट प्रभावित भै Bill and Milinda Gates Foundation ले पनि केही वर्ष अगिदेखि मनग्गे सहयोग पुऱ्याउँदै आएको छ । सन् २०२० सम्ममा संसारलाई पोलियोमुक्त बनाउने लक्ष्य सहित रोटरीले अबका ३ वर्षका लागि प्रतिवर्ष ५० मिलियन अमेरिकी डलर पोलियो अभियानमा खर्चगर्ने प्रतिवद्धता जनाएको छ । त्यसमा रोटरीले वर्षमा जति रकम सङ्कलन गर्नसक्छ त्यसको दोबर Bill and Milinda Gates Foundation ले सहयोग प्रदानगर्ने वचन दिएको छ ।

Polio बाहेक भ्यागुते रोग, क्षयरोग, टिटानस, दादुरा र लहरे खोकी जस्ता अरू ५ किसिमका रोगहरूको उन्मूलनको लागि पनि रोटरीले प्रचुर मात्रामा सहयोग पुऱ्याएको हुनाले नै Polio र अरू ५ किसिमका रोगहरू पनि भन्ने

अर्थमा Polio Plus नामाकरण गरिएको हो । यसका अतिरिक्त नेपालमा Global Grant लगायत संसारमा रहेका विभिन्न रोटरी क्लबहरूको सहकार्यमा विभिन्न अस्पताल तथा स्वास्थ्यकेन्द्रहरूमा अनेकौं भौतिक साधनहरू उपलब्ध गराउनुका साथै काठमाडौंको जोरपाटीमा १०० शैयाको नेपाल हाडजोर्नी अस्पताल, वीर अस्पताल, ग्राण्डसिटी अस्पताल, गङ्गालाल अस्पताल, चावहिलको हेल्पिङ्गह्याण्ड अस्पताल, बुटवलको गौतम बुद्ध सामुदायिक मुटु अस्पताल, भक्तपुरको क्यान्सर अस्पताल, काभ्रेको धुलीखेल अस्पताल, मोरङ्गको कोशी अस्पताल तथा ललितपुरको ब्लडबैंक र ललितपुरकै सामुदायिक मुटु संरक्षण केन्द्र र आदिमा विभिन्न निर्माण तथा विविध स्वास्थ्य सामाग्रीहरूको सहयोग लगायत थुप्रै कामहरू स्वास्थ्य क्षेत्रमा रोटरीले गरेको छ ।

**आर्थिक विकास** : सबै नागरिकहरूको लागि आवश्यक छ । निम्न आर्थिक अवस्थामा गुज्रिरहेका ग्रामीण जनता र समुदायको आर्थिक स्तर उकास्ने अभियानमा पनि रोटरी अग्रसर छ । आर्थिक विकास भयो भने मानिसहरू खर्चगर्न सक्षम हुन्छन्, स्वास्थ्यमा सुधार ल्याउन सक्छन् । छोराछोरीहरूलाई आफ्नै खर्चमा शिक्षा दिलाउन सक्छन् जसले गर्दा एकआपसमा डाह, ईर्ष्या, द्वन्द्व, लडाईं, झै-झगडा हुँदैन र शान्तिको स्थापना हुन्छ भन्ने रोटरीको धारणा हो ।

रोटरी क्लवहरू तथा रोटरी इन्टरनेशनलद्वारा प्रदान गरिएका विभिन्न सीपमूलक तालीम र विविध छात्रवृत्तिमार्फत अध्ययन गरेका विद्यार्थीहरूलाई भविष्यमा सक्षम, इमान्दार, योग्य र शान्तिप्रेमी नागरिक बनाउने रोटरीको उद्देश्य हो । उनीहरूले प्राप्त गरेको ज्ञान र सीपलाई प्रयोग गरेर समाजको स्तरलाई माथि उकासी स्वच्छ र सभ्य समाजको निर्माण गर्ने र संसारलाई दिनानुदिन अझ राम्रो बनाउने अभियान नै रोटरीको दृष्टिकोण हो ।

माथि उल्लेख गरिएका ६ कार्य क्षेत्रहरूमध्ये स्वास्थ्य तथा शिक्षामा सुधार र विश्वशान्तिको कामना रोटरीका प्रमुख चाहना हुन् । यही वास्तविक अनुभूतिलाई आत्मसात गर्दै गीतका रचनाकार हरिभक्त बुढाथोकी आफ्नो भाव यसरी व्यक्त गर्नुहुन्छ -

स्वास्थ्य, शिक्षा, विश्वशान्ति रोटरीका चाहना
मित्रता, विविधता, नेतृत्व रोटरीकै साधना

व्यक्ति व्यक्ति, समुदाय समुदाय, संघ संस्था सबैले एकआपसमा जुटेर निःस्वार्थ भावले काम गर्नुपर्छ । सबैमा एउटै लक्ष्य, एउटै प्रेम र उद्देश्यकासाथ सबैका भलाइको लागि अगिबढ्ने भावना हुनुपर्छ । यही नै रोटरीको चाहना हो । यही चाहनालाई आत्मसात गर्दै मैले आफ्नो भाव यसरी व्यक्त गरेको छु – रोटरी मानवीय सेवामा लागिरहोस्, सक्षम र शिक्षित समाज बनाउन अगि बढिरहोस्, रोटरीको कहिल्यै अन्त नभएर युगयुगसम्म पनि बाँचिरहोस् आदि आदि । यही भावनालाई गीत शब्दमा यसरी जोड्न मनलाग्यो जोडेको छु ।

मानवीय सेवा गर्न जुटिरहोस् रोटरी
राम्रो गर्न युगौं युग बाँचिरहोस् रोटरी

छोटकरीमा भन्नुपर्दा यदि Paul Harris ले रोटरीको जन्म नदिएका भए Rotary सञ्जाल आजको विशाल रोटरी भएर स्थापित हुने थिएन भने Arch Klumph ले रोटरीमा प्राण भर्ने २६.५० अमेरिकी डलरको अक्षय कोषको सुरुवात नगरेका भए आजको The Rotary Foundation पनि सायदै जन्मिने थियो । त्यस्तै Herbert J. Taylor ले 4 Way Test को सिर्जना नगरेका भए रोटरी पनि आज यो रूपले सफलताको बाटोमा संसारभरि फाङ्गिने थिएन । यी तिनै ऐतिहासिक महापुरुषहरूको दूरदशीय सोचले गर्दा नै आजको रोटरी साधन सम्पन्न र जस्तोसुकै सेवामूलक काम गर्न पनि सक्षम र सफल हुँदै आएको छ ।

रोटेरियन बन्नु भनेको महत्वपूर्ण उपलब्धि हो । छातीमा रोटरी चिन्हको गोलो चक्र लगाएर हिड्नु रोटेरियन हुनुको पहिचान हो । रोटेरियन भैसकेपछि ऊ एउटा क्लबको, डिस्ट्रिक्टको र एउटा देशको मात्र नभएर संसारभरिको नागरिक सरह मानिन्छ । संसारको जुनसुकै कुनामा रहे भए पनि विश्व नागरिकसरह

उसले रोटरीको सुविधा, मान्यता र सम्मान पाउँछ । यो स्थिति उसका लागि ठूलो उपलब्धि हो – आत्मसम्मान हो – स्वाभिमान हो ।

रोटरीलाई जन्म दिएर, त्यसलाई प्राण भर्ने काम गरेर र व्यवसायमा सफल हुने सही सूत्र पत्ता लगाई रोटरीलाई सधैँ जीवन्त बनाउने उपहार दिएर इतिहासमा कहिल्यै नअस्ताउने ताराझैँ चम्किएका रोटरीका यी तीन रत्नहरूको नाम र कामलाई केही शब्दमै समेटी गीतको समापन यसरी गरेको छु –

Paul Harris ले जन्माएको,
Arch Klumph ले प्राण भरेको
चक्र हो पहिचान रोटरी
Four Way Test को अनुशासन, स्वाभिमान हो रोटरी, रो...ट...री !

## रोटरी गीतको पूरा अंश

निस्वार्थ सेवा गर्नु पहिचान हो रोटरी
सबैलाई प्रेम गर्नु अभियान हो रोटरी

स्वास्थ्य शिक्षा विश्वशान्ति रोटरीका चाहना
मित्रता विविधता नेतृत्व रोटरीकै साधना

मानवीय सेवा गर्न जुटिरहोस् रोटरी
राम्रो गर्न युगौंयुग बाँचिरहोस् रोटरी

Paul Harris ले जन्माएको,
Arch Klumph ले प्राण भरेको
चक्र हो पहिचान रोटरी
4 way test को अनुशासन, स्वाभिमान हो रोटरी
रो...ट....री....

●●